**निर्णय नं३.**

# पकहा मैनपुर गाउँपालिकाको आर्थिक ऐन

### गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** गाउँपालिकाको आर्थिक वर्ष २०७४ ०७५/को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्कदस्तुर र जरिवाना, संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २३० बमोजिम पकहा मैनपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन,२०७४" रहेको छ ।

(२) यो ऐन गाउँपालिका क्षेत्रमा आ ०७५ को लागि/२०७४ .ब.लागू हुनेछ ।

२. **सम्पति करः** गाउपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: गाउपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तरप्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको , अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तरप्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि , बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तरप्रदेश कानुन स ,्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग**, **कोयोकिड**, **क्यानोइङ्ग**, **जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क**, **दस्तुरः** गाउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तरप्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था , भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

## निर्णय नं. ४

यस गाउँपालिका अन्तर्गत संचालन हुने आर्थिक विकास तथा पूबर्धार बिकासको विनियोजित रकममा अपुग भएमा वा बढी भएमा प्राबिधिक स्टीमेट गरिई कार्यपालिका सोहि शिर्षकको अन्य योजनाबाट रकम हेरफेर गर्न सक्ने र प्राथमिक्ताको आधारमा संचालन गर्न सक्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो।

## निर्णय नं. ५

यस गा.पा. अन्तर्गत संचालन हुने योजनामा कन्टीजेन्सी वापत प्राबिधिक स्टीमेटको तीन प्रतिशत रकम कन्टीजेन्सी रकम कट्टी गर्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो। त्यस्तो रकम कट्टा गर्दा लागत सहभागिताको रकम घटाइ गा.पा. ले भुक्तानी गर्ने रकममा मात्र कट्टा गर्ने निर्णय सर्वसहमतबाट स्वीकृत गरियो।

## निर्णय नं. ६

यस गा.पा. मा लागत सहभागितामा संचालन हुने योजना उपभोक्ता समिति वा अन्य समिति मार्फत संचालन गर्दा १५ प्रतिशत नगद सहभागितामा मात्र संचालन गर्ने निर्णय सर्वसहमतीबाट निर्णय गरियो।

## निर्णय नं. ७

उपभोक्ता समितिबाट संचालन हुने योजना हकमा गा.पा. ले सम्बन्धित निकाय वा सरोकारहरुलाई सुचना जारी गरिदिएको समय सिमा भित्र उपभोक्ता समिति गठन भई गा.पा. मा समझौता गर्ने नआएको खण्डमा गा.पा. ले अन्य प्रक्रियाबाट योजना संचालन गर्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो।

## निर्णय नं. ८

न्यायिक कार्यकोलागि न्यायिक समितिलाई पुर्णता दिनको लागि निम्न तिन सदस्य न्यायिक समिति गठन गर्ने निर्णय सर्वसहमतिबाट निर्णय गरियो।

१. संयोजक कुसुमि देवी
२. सदस्य बृजमोहन पाण्डे
३. सदस्य रामावती देवी

## निर्णय नं. ९

गा.पा. ले कानुनी राय तथा परामर्श लिनको लागि बिशेषज्ञ आवश्यक्ता भएको खण्डमा कानुनी सलाहकार नियुक्त गर्ने निर्णय सर्वसहमतिले पारित गरियो। साथै निजलाई मासिक रुपमा पारिश्रामिक वापत रु.५०००/ राख्ने निर्णय सर्वसहमतिबाट पारित गरियो।

## निर्णय नं. १०

साविक स्थानिय निकाय खारिज भई स्थानिय तहमा रुपान्तरण भई सकेको परिवेशमा साविक स्थानिय निकायमा स्थायी नियुक्त भई कार्यरत स्थानियतर्फका कर्मचारीहरु स्थानीय तहमा समायोजन भईसकेकाले त्यसता कर्मचारीको कल्याणकारी कोष खाता खोली निजले खाई पाई आएको तलब भताको १० प्रतिशत बराबरको रकम कट्टा गरी गा.पा. ले १० प्रतिशत थप गरी गा.पा. को नाममा कल्याणकारी खाता खोली छूटै जम्मा गरिने छ। उक्त रकम अन्यत्र खर्च गरिने छैन। साथै साविक गा.बि.स. बाट संचालित कल्याणकारी कोष खात बन्द गरी गा.पा. को कल्याणकारी कोष खातामा रकम ट्रान्फर गर्ने र अनुसुची ३ को बजेट शिर्षक नं.१२३१५, २२४१२ र २२७११ मा रहेको रकमको प्रत्ये शिर्षकको रु.१/१ लाख रुपैया घटाइ शिर्षक नं. २१२१४ मा कर्मचारी कल्याण कोष खडा गरी रकम जम्मा गर्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो ।

## निर्णय नं. ११

विपद ब्यवस्थापन कोषमा राखिएको रकम कार्य बिधि बनाएर मात्र खर्च गर्ने निर्णय गरियो। सथै उक्त रकम आकस्मिक रुपमा कार्यबिधि नबन्दै खर्च गर्नुपर्ने अवस्था आएमा का.पा. को निर्णय अनुसार खर्च गर्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो। साथै यस अघि यस शिर्षकमा गरेका सम्पूर्ण खर्चहरु एवम् आदेशहरु अनुमोदन गर्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो।

## निर्णय नं. १२

गा.पा. लाई योजना संचालन गर्दा पेश्कि सुन्य निति अवलम्बन गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो।

## निर्णय नं. १३

पाँच लाख भन्दा बढीको लागत वा संचालन हुने योजनाको हकमा सबैले देख्ने योजनाको लागत रकम, समझौता मिति, समपन्न मिति तथा योजना संचालन ब्यक्ति, फर्म वा संस्थाको नाम खुल्ने गरी होडिन बोर्ड अनुवार्य लागाउनु पर्ने निर्णय सर्वसहमतिबाट स्वीकृत गरियो।

## निर्णय नं. १४

स्थानिय सरकार संचालन ऐन २०७४, स्थानिय तह संचालन निर्देशिका र नेपाल सरकारले उपलब्ध गराएको प्रचलित कानुन बमोजिम हाललाई गा.पा. को लागि निम्नानुसार दरबन्दी स्वीकृत गरियो।

| सि.न. | पद | संख्या | जम्मा |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत रा.प. तृतिय | १ | १ |
| २ | ईन्जिनियर सिभिल | १ | १ |
| ३ | कम्प्युटर अधिकृत/ कम्प्युटर अपरेटर | १ | १ |
| ४ | लेखा पाल | १ | १ |

| | | | |
|---|---|---|---|
| ५ | नयब सुब्बा | १ | १ |
| ६ | खरिदार | १ | १ |
| ७ | सब अभर सियर | १ | १ |
| ८ | कार्यालय सहयोगी | २ | २ |
| ९ | वाड सचिव ना.सु. | ५ | ५ |
| १० | प्रशासन सहायक खरिदार | ५ | ५ |
| ११ | कार्यालय सहयोगी | ५ | ५ |
| | जम्मा | २४ | २४ जना |
| बिषयगत कार्यालयहरुबाट आउने अन्यकर्मचारीहरु समेत। | | | |

**निर्णय नं**. **१५**

बिधमान वडा कार्यालयहरुका लागि मासिक रुपमा कार्यालय संचालनको अर्को ब्यवस्था नभए सम्मका लागि रु १८ हजार मात्र उपलब्ध गराउने निर्णय सर्व सहमतिबाट स्वीकृत गरियो।

**निर्णय नं**. **१६**

गाउँ सभा सदस्य एवम कार्यपालिका सदस्यहरुलाइ प्रति बैठक भता रु १०००/ का दरले उपलब्ध गराउने निर्णय सर्व सहमतिबाट पारित गरियो। साथै अन्य समितिका बैठकका लागि समेत रु १०००/ उपलब्ध गराउने सर्व सहमतिबाट निर्णय पारित गरियो।

**निर्णय नं**. **१७**

यस गाउँपालिकामा हुने कामको प्रकृतिलाई हेरी प्राबिधिक कर्मचारी तथा कार्यालय सहयोगी स्तरका कर्मचारी करार नियुक्ति गर्न गाउँकार्यपार्लिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो।

**निर्णय नं**. **१८**

वडा समितिको मासिक बैठक वापतको बैठक भता रु १०००/ समेत उपलब्ध गराउने निर्णय सर्व सहमतिबाट पारित गरियो।

**निर्णय नं**. **१९**

वडा समितिको बैठक भता को हकमा महिनामा बढीमा २ घण्टा सम्मको बैठक मात्र भता उपलब्ध गरिउने निर्णय सर्व सहमतिबाट स्विकृत गरियो।

**निर्णय नं**. **२०**

गाउँपालिकामा बनेका पक्की घर संरचनाको अभिलेखिकरण गर्ने निर्णय सर्व सहमतिबाट गरियो ।

**निर्णय नं**. **२१**

घर बहाल कर वापत १% रकम  असुल गर्ने निर्णय सर्व सहमतिबाट स्वीकृत गरियो।

**निर्णय नं**. **२२**

महिला स्वास्थ्य स्व.से. हरुलाई मासिक रु १५०० (एक हजार पाचँ सय) भता उपलब्ध गराउने निर्णय सर्व सहमतिबाट स्वीकृत गरियो।

**निर्णय नं**. **२३**

Matching Fund को रकम खर्च हुन बाकी भएमा गाउँ कार्यपालिकाको निर्णयबाट पुजिगत शिर्षकमा मात्र खर्च गर्ने सक्ने निर्णय सर्व सहमतिबाट पारित गरियो।

**निर्णय नं**. **२४**

उपलब्ध गराइएको नमुना जिल्ला दर रेटलाई नै स्वीकृत गरी स्थनिय तहमा लागु गर्ने निर्णय सर्व सहमतिबाट पारित गरियो।

**निर्णय नं**. **२५**

स्थानिय तह संचालन ऐन २०७४ बमोजिम करार सेवामा भर्ना गर्न मिल्ने कर्मचारीको हकमा प्रक्रिया पुऱ्याइ सेवा करारमा लिन सक्ने अधिकार कार्यपालिका लाई प्रत्यायोजन गर्ने निर्णय सर्व सहमतिबाट स्वीकृत गरियो। साथै विशेषज्ञ परामर्शको हकमा जस्तै कानुनी सहलाकार, प्रेस सलाहकार लगायतका पदहरुमा परामर्स सेवा लिनु परेमा कार्यपालिकाले निर्णय लिन सक्ने सर्व सहमतिबाट पारित गरियो ।

**निर्णय नं**. **२६**

यस गाउँपालिका भित्र रहेका सम्पुर्ण सार्वजनिक पोखरीहरु गाउँ कार्यपालिकाले निर्णय गरी यथाशिघ्र ठेकामा लगाउने निर्णय पारित गरियो।

**निर्णय नं**. **२७**

यस गाउँपालिका भित्र रहेका अश्क्तहरु, असहायहरुबाट औषधी उपचार खर्च माग भइ आएमा र दिन मनासिव देखिएमा गाउँपालिका प्रमुखले रु तिन हजार सम्म सहयोग गर्न सक्ने निर्णय पारित गरियो।

**निर्णय नं**. **२८**

जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम र सशर्त अनुदानमा अख्तियारी दिइएको रकम तोकिएको कार्यक्रममा खर्च गर्न अपुग भएमा सम्बन्धीत मन्त्रालयमा माग गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. २९**

यस पकहा मैनपुरको गाउँ परिषदबाट प्रशासनिक तथा नितिगत निर्णयहरु छुट हुन गएमा गाउँ कार्यपालिकालाई त्यसता निर्णय गर्ने अख्तियारी प्रदान गर्ने निर्णय पारित गरियो।

**निर्णय ३०**

मिति २०७५ बैशाख देखी यस गाउँपालिका क्षेत्रभित्र बन्ने नयाँ जुनसुकै पक्की घर, भवनहरु नक्सा पास गरेर मात्र बनाउनु पर्ने निर्णय पारित गरियो।

**निर्णय ३१**

यस पकहा मैनपुर गाउँपालिकालाई ०७४ चैत्र मसान्त सम्म खुला दिशामुक्त गाउँपालिका घोषणा गर्न सम्बन्धित निकायहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गर्न निर्णय सर्व सहमतिबाट पारित गरियो।

**निर्णय ३२**

यस गा.पा. क्षेत्र भित्र रहेका बालबालिकहरुको शिशु मृत्यु दरमा कमि ल्याउदै यथा शिघ्र पुर्ण खोप गाउँपालिका बनाउनको लागि सम्बन्धित निकायहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गर्न निर्णय सर्व सहमतिबाट पारित गरियो।

**निर्णय ३३**

यस गा.पा. बाताबरण मैत्री स्थानीय शासन तथा बालमैत्री स्थानीय शासन घोषणा गर्नका लागि सम्बन्धित निकायहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गर्न निर्णय सर्व सहमतिबाट पारित गरियो।

**निर्णय ३४**

यस अघि गाउँपालिका तथा गाउँ कार्यपालिकाबाट भए गरेका सम्पुर्ण निर्णयहरु यस सभाबाट अनुमोदन गर्ने निर्णय पारित गरियो।

**निर्णय ३५**

यस गा.पा.को शिक्षा ऐन २०७४ पारित गर्ने निर्णय गरियो।

**निर्णय ३६**

प्रस्तुत भएका बजेट तथा कार्यक्रम शिर्षकका अतिरिक्त गा.पा.लाई संघिय,प्रादेशीक सरकार र आन्तरिक आयबाट थप अख्तियारी तथा आय प्राप्त भएमा गाउँ सभाले तयार गरेका "अन्य श्रोत प्राप्त भएमा संचालन हुने आयोजना " हरुलाई कार्यावनयनमा लयाउन कार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो।

**निर्णय नं.३७**

यस गा.पा. क्षेत्रभित्र रहेको सार्वजनिक ,एलानी तथा अतिक्रमणमा परेका जग्गा छट्याउन प्रविधिक माग गरी त्यसता जग्गाहरु तथा सबै वडाहरु जोडने बाटोमा आवश्यक्ता अनुसार माटो पुरी गाउँपालिकालाई हरा भरा बनाउन बृक्षारोपण गर्न निर्णय पारित गरियो।

**निर्णय नं.३८**

यस गा.पा. भित्र रहेका बिधालयहरुमा शिक्षण गर्ने शिक्षकहरुको अभावलाई मध्यनजर गरी त्यसता बिधालयहरुमा शिक्षण गर्नका लागि मासिक रु १० हजार सेवा परामर्स शिर्षकबाट भुक्तानी दिने गरी आवश्यक्ता अनुसार १२ भन्दा बढी नहुने गरी स्वयमसेवकको रुपमा राख्ने र त्यसरी राख्दा बिगत लामो समय देखी शिक्षण गर्दै आएकहरुलाई विशेष प्राथमिक्ता दिई राख्ने निर्णय पारित गरियो।